विरुवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा

पत्रसंख्याः२०७४/७५ ४ नं. प्रदेश, नेपाल
चलानी नं. ४२६
मितिः २०७५/०१/११

विषय : परिपत्र ।

**श्री सामुदायिक विद्यालयहरू (सबै)**
विरुवा गाउँपालिका, विरुवा, स्याङ्जा ।

स्थानीय तहहरूको गठन पश्चात आम सर्वसाधारण नागरिकहरूबाट असल शासन प्रशासनको अपेक्षा बढोत्तरी भै आएको विषय तहाँ जानकारी नै होला जुन विषय मनासीब पनि हो । स्थानीय तहहरुको गठन भै ती तहहरूमा निर्वाचित जनप्रतिनिधीहरूको वहाली भैसकेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, तथा विरुवा गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ समेत जारी भई कार्यान्वयनमा आइसकेका छन् । उल्लिखित कानूनहरुमा स्थानीय तहहरूलाई माध्यमिक तहसम्मको शिक्षा सम्बन्धी व्यवस्थापनको जिम्मेवारी दिइएको छ । अब स्थानीय तहहरुको ध्यान आ-आफ्ना स्थानीय तहहरूको शैक्षिक गुणस्तर कसरी अभिवृद्धि गर्ने भन्नेमा आकर्षित भैरहेको छ ।

अन्य स्थानीय तहहरूमा जस्तै यस तहमा समेत विद्यालय स्तरको शैक्षिक व्यवस्थापन सम्बन्धमा गम्भीर सवालहरू आम सर्वसाधारणबाट उठी नै रहेका छन् । सामुदायिक विद्यालयहरूको पठनपाठन खस्किँदो रूपमा अघि बढीरहेको कोही कसैबाट छिपेको विषय छैन । एकातिर राज्यले ठूलो धनराशी सामुदायिक विद्यालयको व्यवस्थापनमा खर्चेको छ, सामुदायिक विद्यालयको भौतिक संरचना संस्थागत विद्यालयको तुलनामा भरपर्दो नै रहेको छ, सामुदायिक विद्यालयमा अध्यापन गराउने शैक्षिक जनशक्ति (केहीलाई छाडेर अधिकांश) उच्च शिक्षा हासिल गरेका, अध्यापन अनुमतिपत्र प्राप्त गरी विषयगत दरबन्दीमा शिक्षक सेवा आयोगले लिएको प्रतिष्पर्धात्मक परीक्षाबाट छनौट भई सिफारिस भै आएका योग्य व्यक्तिहरू रहेका छन् । त्यति हुँदाहुँदै पनि अभिभावकहरूको आकर्षण भने सामुदायिक विद्यालयहरुमा रही नरहेको अवस्था छ । आफ्ना स- साना नानीहरुलाई घर नजिकैको सामुदायिक विद्यालयमा अध्यापन नगराई टाढा- टाढा (कतिपय अवस्थामा डेरा लगाएर समेत ) अध्यापन गराउन लगिरहेको अवस्था छिपेको छैन । ती अभिभावकहरुको पनि केही अपेक्षा त होला नै , यसै लहडको भरमा आफ्ना कलिला नानीहरुलाई घरदेखी टाढा - टाढा पठाइएको त पक्कै होइन । एकातिर श्रम , शक्ति र समयको खर्च भइरहेको छ भने अर्कोतिर संस्थागत विद्यालयमा अध्यापन गराउन आर्थिक व्ययभार समेत वढि नै खर्च भईरहेको अवस्था छ । यसको प्रमुख कारण के हो भने ती अभिभावकहरुलाई सामुदायिक विद्यालयको पठनपाठन पद्धति भन्दा संस्थागत विद्यालयको पठनपाठन पद्दतिले आकर्षित गरिरहेको छ , विश्वास संस्थागत तर्फ रहेको छ , आफ्ना नानीहरुको भविष्य संस्थागत विद्यालयबाट उज्वल रहेको अनुभुति भैरहेको छ । सामुदायिक विद्यालयहरु आफूप्रति जनविश्वास वढाउन , विद्यार्थीहरु आकर्षित गर्न , अभिभावकहरुको अपेक्षा परिपूर्ति गर्न चुकीरहेको अवस्था छ । राज्यको ठूलो लगानी सामुदायिक विद्यालयहरुमा रहँदा रहँदै यस्तो अवस्था आउनु पक्कै पनि सामुदायिक विद्यालयको व्यवस्थापन सँग सम्बन्धित सबै पक्षहरुको लागि लाजमर्दो विषय भैरहेको विद्यमान अवस्था छ ।

आम सर्वसाधरणको त उल्लिखित बमोजिमको सोचाई , वुझाई , छँदैछ । पछिल्ला केही वर्षहरुदेखि त सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुले समेत आफ्ना नानीहरुलाई आफैले अध्यापन गराउने विद्यालयमा नपठाई अर्कै विद्यालयहरुमा पठाइरहेको अवस्था देखिन्छ । विद्यालय व्यवस्थापन समितिका सदस्यहरुका छोराछोरी तत् तत् विद्यालयमा नपढाई अन्य विद्यालयहरुमा पढाइरहेको अवस्था छ । यसबाट के सन्देश प्रभावित हुन्छ ? आम नागरिकले यसबाट के बुझ्छन् ? पक्कै पनि कहिँ न कहिँ सम्बन्धित शिक्षक तथा

विरुवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा

पत्रसंख्याः२०७४/७५ | ४ नं. प्रदेश, नेपाल
चलानी नं. ४२५

संस्थापिकलाई पनि आ-आफ्नो व्यवस्थापन तथा पठनपाठनमा शंका रहेको , आश्वस्त हुनु नसकेको र कता कता दूर्वलता प्रदर्शित भएको हुनुपर्दछ। जुन सर्वथा दूरावस्था नै हो।

यस्तै धेरै विषयहरुका बीच सत्य कुरा के हो भने सामुदायिक विद्यालयमा उपलव्ध साधनश्रोत तथा जनशक्तिको समुचित उपयोग गर्ने , नयाँ नयाँ शिक्षण सिकाई विधिको अवलम्वन गर्ने , विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापकहरुले यथोचित समय दिने र सरोकारवाला सबैको चाँसोलाई अभिवृद्धि गर्दैजाने हो भने तत्कालै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गरी हालमा देखिएका न्यून विद्यार्थी संख्याका कक्षाकोठाहरु विद्यार्थीहरुबाट खचाखच भराउन सकिन्छ , राम्रो पढाइको अपेक्षामा आन्तरिक वसाई सरी गएकालाई घर ठेगानामा फर्काउन सकिन्छ । आमाहरुको समयको सदुपयोग गर्न सकिन्छ , न्यून आय श्रोत भएका अभिभावकहरुलाई आर्थिक व्ययभार कम गर्न सकिन्छ , सवैभन्दा ठूलो कुरा विहान विहान खाइनखाइ पुस्तकको ठूलो भारी वोकी टाढाको विद्यालयमा गई अध्यापन गर्नेः वेलुका झन्डै साँझपख मात्रै टाढाबाट घर फर्किने गरेका नानीहरुलाई उपयुक्त समयमा खाना खाई घर नजिकैको विद्यालयमा उसले चाहे बमोजिमको शिक्षा दिक्षा दिन सकिन्छ । पढाइको नाममा रित्तिदै गरेका टोल वस्तीहरुलाई फेरी भर्न सकिन्छ । यस तर्फ गाउँपालिकाको स्पष्ट वुझाई रहेको छ र गम्भीर रुपमा ध्यान आकृष्ट समेत भएको छ ।

परिवर्तनको सुरुवात आफैबाट हुन जरुरी छ , तबमात्र समाज परिवर्तन गर्न सकिन्छ । यसै सम्वन्धमा प्रथमतः सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकजनहरु र स्थानीय निर्वाचित जनप्रतिनिधिहरुको साथ र सहयोग अपेक्षित रहेकाले मिति २०७५/१/१० को कार्यपालिकाको वैठकबाट यसै शैक्षिक सत्रबाट नै लागू हुने गरी सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरु र निर्वाचित जनप्रतिनिधिहरुको अभिभावकत्वमा रहेका आफ्ना छोराछोरी , नाती नातिना समेतलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयहरुमा नै पठनपाठन गराउने व्यवस्था मिलाउने निर्णय भएकाले सोही निर्णय वमोजिम गर्नुहुन यो जरुरी परिपत्र गरिएको छ ।

त्यसो भएमा विद्यालयको शैक्षिक गुणस्तर वढाउनमा टेवा पुग्ने , आफ्ना नानीहरु समेत अध्यापन गरिरहेको अवस्थामा भावनात्मक रुपमा समेत केही वढी चासो र चिन्ता सिंचित हुँदै जाँदा सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुध्रने , आम नागरिकको समेत आकर्षण तुरुन्त बढ्नेमा सबै एकमत हुनुपर्ने अवस्था रहेको छ । यसो भनिरहँदा संस्थागत विद्यालय प्रतिको गाउँपालिकाको जिम्मेवारी घटेर जाने भन्ने विषयमा कोही कसैबाट संशय अभिव्यक्त नहुन समेत अनुरोध छ । संस्थागत विद्यालयहरुबाट पनि नवीन शैक्षिक प्रविधिहरुको हस्तान्तरण जरुरी छ , यस विषयमा गाउँपालिका प्रष्ट रहेको बेहोरा सम्वद्ध सवैमा अनुरोध छ । माथि भनिए बमोजिम सामुदायिक विद्यालयका शिक्षक तथा स्थानीय निर्वाचित जनप्रतिनिधिहरुका नानीहरु सामुदायिक विद्यालयमा नै पढाउनु पर्ने भन्ने विषयमा जिल्ला समन्वय समिति स्याङ्जाबाट समेत निर्णय भई सकेको बेहोरा समेत यसै परिपत्र मार्फत सरोकारवाला सबैमा सादर अनुरोध छ ।

(नेत्रप्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**वोद्यार्थः**

श्री नवज्योति मा.वि. श्रोत केन्द्र , विरुवा , स्याङ्जाः निर्णय कार्यान्वयनमा तुरून्त अग्रसरता लिनुहुन ।
श्री वडा कार्यालयहरू (सबै) , विरुवा गाउँपालिकाः निर्णय कार्यान्वयनमा अग्रसरता हुन ।
श्री जिल्ला प्रशासन कार्यालय , शिक्षा विकास तथा समन्वय इकाई , स्याङ्जा ।